annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १४३, पृष्ठ ८ | आश्विन कृष्णपक्ष चतुर्दशी, नेपाल र [illegible] PTEMBER 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

जेन-जी जग

जेन-जी अर्थात् इन्टरनेट र प्रविधिसँग अभ्यस्त पुस्ता। यो पुस्तासँग विश्व थर्किएको छ, चमत्कार नै गरेको छ। नेपालमा पनि यो पुस्ताको अगुवाइमा भएको दुई दिनको आन्दोलनले नसोचेकै परिवर्तन ल्यायो। त्यसैले शासनसत्ता र विकास निर्माणमा यो पुस्ताको आवाज नसुनी अब विश्व अघि बढ्न सक्दैन भन्ने नेपालको आन्दोलनले पुष्टि गरेको छ। त्यसैकारण, सुनौं जेन-जीको स्पन्दन, लागू गरौं, यो पुस्ताको धड्कन र विचार।

समाचार पृष्ठ २

प्रतीक घिमिरे | *काठमाडौं*

– को रिपोर्ट

पुस्ता	जन्म वर्ष	विशेषता/पहिचान
महान् पुस्ता/ ग्रेटेस्ट पुस्ता	१९०१-१९२७	महामन्दी (अत्यधिक आर्थिक संकट) सहनुपरेको र दोस्रो विश्वयुद्धमा लडेको पुस्ता।
शान्त पुस्ता/ साइलेन्ट पुस्ता	१९२८-१९४५	यस पुस्ताले आफ्नो जीवनकालमा राजनीतिक डर (विशेषगरी कम्युनिस्ट प्रभावको डर) को समय देख्यो।
बेबी-बुम पुस्ता	१९४६-१९६४	दोस्रो विश्वयुद्धपछि जन्मदर अत्यधिक बढेपछि 'बेबी-बुम' पुस्ता भनियो।
जेन-एक्स	१९६५-१९८०	प्रायः 'बेपरवाह पुस्ता' भनेर आलोचना गरियो। यस पुस्ताले एड्स महामारी, संगीत र टेलिभिजन संस्कृतिको उत्थान र यौनिक अल्पसंख्यकहरूको अधिकारको उदय देख्यो।
मिलेनियल्स/ जेन-वाई	१९८१-१९९६	यस पुस्ताले ९/११ को आतंकवादी आक्रमण, इन्टरनेटबिना र इन्टरनेटसहितको बाल्यकाल दुवै अनुभव गऱ्यो।
जेन-जी	१९९७-२०१२	यो पहिलो पुस्ता हो जसले स्मार्टफोन, ट्याब्लेट, कम्प्युटर र इन्टरनेटसँगै जन्म लिएको छ। उनीहरू डिजिटल प्रविधि र सामाजिक सञ्जालमा जन्मजात दक्ष मानिन्छन्। उनीहरूका लागि फोन, सामाजिक सञ्जाल, भिडियो स्ट्रिमिङ, गेमिङ र अन्य अनलाइन प्लेटफर्महरू जीवनको अनिवार्य हिस्सा हुन्।
जेनअल्फा	२०१३-२०२४	यो पुस्ता पहिलो हो जसले सामाजिक सञ्जाल नभएको समय कहिल्यै देख्दैन। यसलाई आजसम्मकै सबैभन्दा प्रविधिमा दक्ष पुस्ता मानिन्छ।
जेनबेटा	२०२५-२०३९	यो पुस्ता अझै जन्मिन बाँकी छ। सम्भावना छ कि यी अल्फा पुस्ताजस्तै प्रविधिमा दक्ष, सामाजिक रूपमा सचेत, अनुकूलनशील र दिगोपनामा विश्वास गर्ने हुनेछन्।

(अ) नागरिक पल्टु

महोत्तरी गौशाला-९ का ६० वर्षीय पल्टु सदा। प्यारालाइसिसका कारण उनी उठबस गर्न सक्दैनन्। नागरिकता नहुँदा उपचारमा समेत समस्या छ। ● धनवीर महतो

धनवीर महतो | *महोत्तरी*

भनिन्छ, बुढेसकाल र दीर्घरोगले सताएपछि आफ्नै शरीरले पनि साथ दिँदैन। परनिर्भर हुनुपर्छ। घरपरिवारका सदस्यको सहारा चाहिन्छ। तर, यस्तो अवस्थामा पनि सहारा पाइएन भने दैनिकी कस्तो होला ? निश्चय नै, जीवन जिउँदो लास सरह नै हुँदो रहेछ। हो, यस्तै जीवन मरणको अवस्थाबाट जीवन गुजार्दै छन् महोत्तरी गौशाला ९ का ६० वर्षीय पल्टु सदा।

विषहरपुरको मुसहरबस्तीमा उनको उजाडिएको फुसको घर छ। जहाँ भुइँमै ओछ्याएको पुरानो चटाइमा सुत्छन्। दीर्घरोग प्यारालाइसिसका कारण उठबस गर्न सक्दैनन्। हलचल गर्न पनि सहारा नै चाहिन्छ। कहिलेकाहीँ सुत्ने गरेकै चटाइमा सौच गर्न बाध्य छन्। उजाडिएको घरको छानाको प्वालबाट निलो आकाश र बादल देखिन्छ। उनका लागि त्यही प्वालबाट आउने प्रकाश नै उनका लागि दिन हुन्छ। एक वर्षदेखि बाहिरी वातावरणसमेत हेर्न पाएका छैनन्। फुसको प्वालबाट सूर्यको किरण र वर्षात्को पानीले दुःख दिन्छ। जुन उनका लागि असह्य, अनि पीडादायी हुन पुग्छ। यस्तो तनावमय अवस्थामा पत्नीका दुःख पनि कम छैनन्। साँझ-बिहान मुखमा माड लगाउन उनलाई एक्लै छोडेर पत्नी काममा जान्छिन्। शरीरले साथ दिएसम्म पल्टुले राम्रोसँग घरपरिवार पालेको स्थानीय ललिता सदाले बताइन्। उनले भनिन्, 'घरायसी खर्च, दुई छाक खानाको प्रबन्ध अनि औषधिको व्यवस्था तिनै श्रीमतीको काँधमा छ। मन मारेर उनी श्रीमान्लाई एक्लो घरमा छाडी गाउँघरमै मजदुरी गर्छिन्।

मालिकले दिएको खानाबाट श्रीमान्- श्रीमतीले बाँडिचुँडी पेट भर्ने गरेका छन्। श्रीमती साथमा हुँदा त पल्टुलाई अलि सहजता हुन्छ। कामको सिलसिलामा हाटमेला गएको खण्डमा उनलाई भने जीवन नै नर्कजस्तो हुँदो रहेछ।'

नागरिकता नहुँदा पल्टुलाई झन् समस्या

पल्टु सदासँग नागरिकता छैन। जसले गर्दा सरकारी स्तरबाट उनलाई सहयोग गर्नसमेत अप्ठ्यारो भएको पूर्ववडाअध्यक्ष महेश सिंह दनुवारले बताए। उनले भने, 'मैले सहयोगका लागि उनलाई सम्बन्धित निकायमार्फत अनेकौं पटक पहल गरे तर सफल भइन्। कारण एउटै थियो उनको नागरिकता। जुन उनीसँग छैन। पल्टु सदाको बुवाको समेत नागरिकता थिएन।

» बाँकी पृष्ठ ६

किन एकाएक चुलियो ४ गुरुङको चर्चा ?

पृथ्वी सुब्बा गुरुङ

मीनबहादुर गुरुङ

सुदन गुरुङ

राजीव गुरुङ

रत्नप्रसाद आचार्य | *काठमाडौं*

नेपालको समसामयिक राजनीतिक र सामाजिक परिदृश्यमा अहिले 'चार गुरुङ' को नाम अत्यधिक चर्चामा रहेको छ। राजनीतिक निर्णयदेखि आन्दोलनको नेतृत्व, निजी क्षेत्रको योगदानदेखि जेलभित्रको नैतिकताको बहसमा चार गुरुङको चर्चा शीर्ष स्थानमा छाएको छ।

यी चार पात्र हुन् पृथ्वीसुब्बा गुरुङ (निवर्तमान सञ्चारमन्त्री), सुदन गुरुङ (जेन-जी समूहका नेता), मीनबहादुर गुरुङ (भाटभटेनी सुपर मार्केटका सञ्चालक) र राजीव गुरुङ उर्फ दीपक मनाङे (गण्डकी प्रदेशका निलम्बित सांसद)। यी चार गुरुङको पृष्ठभूमि फरक-फरक भए पनि उनीहरूलाई एउटै धागोले बाँधेको छ, देशव्यापी रूपमा चर्चा र बहसमा।

पृथ्वीसुब्बा गुरुङ

विवादको आँधी ल्याउने निर्णय गर्नेमध्येका मुख्य पात्र हुन् पृथ्वीसुब्बा गुरुङ। निवर्तमान सञ्चारमन्त्री गुरुङलाई केही समयअघिसम्म स्थिर र अपेक्षाकृत कम विवादित नेताका रूपमा चिनिन्थ्यो। तर, सामाजिक सञ्जाल बन्द गर्ने अप्रत्याशित निर्णयले उनी एकाएक राष्ट्रव्यापी बहसको केन्द्रमात्र बनेनन्, उनलाई भविष्यमा थला पार्ने गरी विवादितसमेत बनायो।

यो निर्णय सरकारको नाममा भए पनि यसको प्रमुख योजनाकार र सञ्चार क्षेत्रका जिम्मेवार मन्त्रीका हैसियतमा उनीमाथि सबैको नजर पऱ्यो। फेसबुक, युट्युबलगायत २५ सामाजिक सञ्जाल प्लेटफर्महरू बन्द गर्ने सरकारी कदमले सहरदेखि गाउँसम्म ठूलो प्रतिवाद गर्न बाध्य बनायो। यसलाई कसैले 'राष्ट्रिय सुरक्षाको पक्षमा आवश्यक कदम' भन्ने प्रतिक्रिया दिए त कसैले 'अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार' भन्दै सडकमा विरोध जनाए। सरकार पक्षले यसको बचाउ गर्दै भने, 'अत्यधिक गलत सूचना र नकरात्मक सन्देश फैलाउने सामग्रीले समाजमा अराजकता बढेको थियो, मन्त्रीले जिम्मेवार भएर उक्त निर्णय गरेका हुन्।'

निवर्तमान मन्त्री गुरुङको यो कदमले नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई चुनौती दियो, सरकार अधिनायकवादी बाटोमा गयो भनेर देशभर आलोचना र आक्रोशको बीउ रोप्ने कामसमेत गऱ्यो।

» बाँकी पृष्ठ ६

तस्विर : रोयटर्स